# शंखरापुर नगर कार्यपालिकाको ११० औं (मिति २०८२/११/२९) बैठकका निर्णयहरु

| | |
|---|---|
| निर्णय नं १: | यस नगरपालिकाको मिति २०८२/१०/१२ गते बसेको कार्यपालिकाको १०९ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो। |
| निर्णय नं २: | यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८२/८३ को माघ महिनाको प्रतिवेदन अनुसार प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र सिफारिस भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । |
| निर्णय नं ३: | मिति २०८२/११/२९ गते बसेको स्थानीय भू-उपयोग परिषदबाट स्वीकृत भू-उपयोग वर्गीकरण तथा कित्तागत विवरण अद्यावधिकका लागि नापी कार्यालय साँखु, मालपोत कार्यालय साँखु तथा जानकारीको लागि नापी विभागमा लेखी पठाउने निर्णय गरियो। |
| निर्णय नं ४: | अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा लागि २०८२/०९/१८ गते देखि २०८२/१०/१५ सम्म भएको घरधुरी सर्वेक्षणको तथ्याङ्क वडागत रुपमा प्रस्तुत भयो। उक्त तथ्याङ्कको आधारमा विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका ५ देखि १२ वर्षका बालबालिकाहरुलाई शैक्षिक सत्र २०८३ मा सघन रुपमा भर्ना अभियान कार्यक्रम सञ्चालन गरी २०८३ जेष्ठ मसान्त सम्म अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित भएको पालिकाको रुपमा घोषणा गर्नका लागि आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो। |
| निर्णय नं ५: | कृषि विकास समन्वय समितिको मिति २०८२/१०/२८ को सिफारिस बमोजिम शंखरापुर नगरपालिका अन्तर्गत कृषि विकास उप-शाखा चा.लु आ.व २०८२/८३ वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संङ्घीय सर्सत अनुदान तर्फको तरकारी बालीको नँया पकेट विकास कार्यक्रम (५०%अनुदान) का लागि मिति २०८२-५-०४ गते प्रथम पटक तथा २०८२-०७-०७,२०८२-०८-२६, २०८२-०९-२२ क्रमश दोस्रो, तेस्रो र चौथो पटक प्रस्ताव आह्वान सूचना गर्दा जम्मा ४ वटा मात्र प्रस्ताव पेश हुन आएको र सोही कार्यक्रमका लागि पेश भएका निवेदनहरुको परियोजना कार्यान्वयन म्यानुल २०७७ तथा पहिलो संशोधन २०८१ अनुसार परिच्छेद ४ को ४.१.८ को घ बमोजिम मिति २०८२-१०-१९ गते प्राविधिक समितिका संयोजक तथा प्रमुख प्रशासकीय अधिकृत श्री चुरामणि पन्थीको संयोकत्वमा स्थलगत अध्ययन तथा अनुगमन गर्दा र पेश भएका निवेदनहरु मध्ये पि.टि तरकारी कृषि तथा पशु पालन फर्म ले आ.व २०७९/८० मा सो कार्यक्रम सञ्चालन भएको हुँदा उक्त फर्मलाई छनौट नगर्ने र अन्य ३ वटा कृषि फर्मको अनुगमन तथा निरीक्षण समितिले पेश गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम सञ्चालनको लागि न्यूनतम आवश्यक मापदण्डहरु पूरा भएको देखिएकोले उक्त कार्यक्रमा सहभागी किसानहरुलाई प्रति रोपनी रकम रु ५०,०००।- (अक्षरुपी पचास हजार रुपैया) मात्र तपसिल बमोजिमका फर्महरुलाई अनुदान दिने निर्णय गरियो ।<br>तपसिलः छनौट गरिएका फर्महरु |

| क्र.सं | कृषि फर्मको नाम | ठेगाना | क्षेत्रफल(रोपनी) | प्रति/क्षेत्रफल रकम रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लामा गुरुङ कृषि फर्म | शखरापुर नगरपालिका ७ | १३ | ५०००० | ६,५०,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | शेर्पा पशु तथा कृषि फर्म | शखरापुर नगरपालिका ७ | ५ | ५०००० | २,५०,०००।- | |
| ३ | मगर कृषि फर्म | शखरापुर नगरपालिका ७ | ५ | ५०००० | २,५०,०००।- | |
| | जम्मा रकम रु | | | | ११,५०,०००।- | |
| | **तालिम तथा अनुगमन** | | | | | |
| | झोल मल बनाउने सामग्री सहितको १ दिने तालिम (२५ जना कृषकहरुलाई) | | एकमुष्ट | | २५,०००।- | |
| | अनुगमन | | ५ पटक | | २५,०००।- | |
| | जम्मा रु | | | | ५०,०००।- | |
| | कुल जम्मा रु | | | | १२,००,०००।- | कृषि फर्मको रु ११,५०,०००।- अनुगमन र झोलमल तालिमको रु.५०,०००।- |

| | |
|---|---|
| निर्णय नं ६: | यस नगरपालिकाको "आधारभूत शिक्षा (कक्षा ५ र ८) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२" पारित गर्ने निर्णय गरियो। |
| निर्णय नं ७: | यस नगरपालिकाको "विद्यालय खोल्ने अनुमति, कक्षा थप, कक्षा समायोजन एवम् विद्यालय स्थानान्तरण सम्बन्धी कार्यविधि, २०८२" पारित गर्ने निर्णय गरियो। |
| निर्णय नं ८: | यस नगरपालिकाको "भग डेस्क सञ्चालन कार्यविधि, २०८२" पारित गर्ने निर्णय गरियो। |
| निर्णय नं ९: | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं १०: | यस नगरपालिकाको वडा नं ६ को कार्यालयको च.नं. ९८७ मिति २०८२/११/२५ को सिफारिस बमोजिम साँखु शहर भित्र मिति २०८२ चैत्र १९ गते देखि श्री माई बज्रयोगिनीको जात्रा पर्व सञ्चालन हुने भएको, यस पाली वडा नं ६ ईल्लाटोलमा श्री बज्रयोगिनी माई विराजमान हुने भएको र हाल विराजमान हुने भवन पुरात्त्व विभागद्वारा निर्माण सम्पन्न गर्न बजेटको व्यवस्था गर्न नसक्ने भनी मौखिक जानकारी प्राप्त भएको हुँदा उक्त भवनलाई माई राख्नयोग्य बनाउन प्राविधिक लागत अनुमान अनुसार अस्थायी छाना तथा रङ्गरोगन तथा अन्य आवश्यक अस्थायी संरचना निर्माणको लागि नगर भैपरी कोषबाट रु ५,००,०००/- (अक्षररुपी रु पाँच लाख मात्र) विनियोजन गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ११: | यस नगरपालिकाको वडा नं १ वडा समितिको मिति २०८२/११/१२ को निर्णयानुसार आ.व. २०८२/८३ को बागमती प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गतको केराबारी कुण्डेश्वर नयाँ ट्र्याक कृक्षि सडक शंखरापुर — १ शीर्षकमा विनियोजित रकम रु २०,००,०००/-(बीस लाख मात्र) भएको हुँदा केराबारी कुण्डेश्वर नयाँ ट्र्याक निर्माण गर्दा अधिकांश वन क्षेत्र पर्ने भएकोले उल्लेखित |

............................ ............................

प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

| | |
|---|---|
| | शीर्षक बजेटबाट केराबारी बस्ती सडक स्तरोन्नति गर्ने गरी वडा समितिको निर्णय भई आएकोले केराबारी बस्ती सडक स्तरोन्नति गर्ने निर्णय गरियो। |
| निर्णय नं १२: | यस नगरपालिका र ओमकार प्रचण्ड निर्माण सेवा प्रा.लि.बिच मिति २०८२/०८/२९ मा ठेक्का नं **SMO/82-83/27 Deurali Patap Sadak** को स्तरोन्नति गर्नका लागि रु ८०,५१,३७२.९३ (अक्षररुपी रु असी लाख एकाउन्न हजार तीन सय बहत्तर र पैसा नौ तीन मात्र) भ्याट र पि.एस सहित सम्झौता भई कार्यान्वयनमा रहेको र उक्त कार्य सम्पन्न गर्नको लागि यस नगरपालिकाको २ नं वडा कार्यालयको च.नं. ८१४ मिति २०८२/११/२६ को पत्रबाट उक्त सडकको ग्रेडिङ्ग गर्ने क्रममा ढुङ्गा निस्किएको हुँदा ढुङ्गाको सोलिङ्ग गर्नु नपर्ने भएकोले ग्राभेल राखेर ढलान गर्नका लागि आवश्यक सहयोग गर्न सिफारिस भई आएको छ। उक्त सडकमा ढुङ्गाको सोलिङ्ग गरेर लागत अनुमान तयार भएकोमा माग बमोझिम ग्राभेल राखी ढलान गर्दा लागत रु २,०५,०६५/- (अक्षररुपी रु दुई लाख पाँच हजार र पैसठ्ठी मात्र) २.८७ प्रतिशत घट्ने हुँदा नयाँ सम्झौता रकम रु ७८,८६,२७६.३७/- अक्षररुपी रु अठहत्तर छयासी लाख दुई सय छयत्तर र पैसा तीन सात मात्र भ्याट र पि.एस सहित कायम गरी भेरिएशन आदेश स्वीकृत गर्ने निर्णय गरियो। |
| निर्णय नं १३: | यस नगरपालिकाको वडा नं ३ को कार्यालयकको च.नं. ८९२ मिति २०८२/१०/१४ को सिफारिस र श्री शिलादेवी आधारभूत विद्यालयको च.नं. ३६ मिति २०८२/१०/२४ को पत्रानुसार आ.व. २०८२/८३ को सामाजिक विकास कार्यालयद्वारा श्री शिलादेवी आधारभूत विद्यालयको पूर्वाधार निर्माण कार्यक्रमका लागि विनियोजित बजेट रु ७,००,०००/- (अक्षररुपी सात लाख रुपैयाँ मात्र) बाट हाल विद्यालयले चर्चेको जग्गामा विद्यालय भवन निर्माणका लागि अनुमति दिई प्रक्रिया अगाडि बढाउन सामाजिक विकास कार्यालयलाई पत्राचार गर्ने गरियो। |
| निर्णय न १४ | यस नगरपालिकाको क्षेत्र भित्र सञ्चालित विद्यालयहरुमा कार्यरत शिक्षकहरु दिवगत भएको अवस्थामा एक दिन नगरपालिका भित्रका विद्यालयहरुमा शोक विदा दिने निर्णय गरियो। |
| निर्णय नं १५ | यस नगरपालिकाको ऐतिहासिक धार्मिक तीर्थ स्थल श्री माधवनारायण व्रत शालिनदीमा मिति २०८२/०९/१९ देखि २०८२//१०/१९ सम्म एक महिनाको मेलामा भएको सम्पूर्ण सरसफाई गरिएको फोहोर देनिक सङ्कलन गरे बापत यसको व्यवस्थापन गर्न विभिन्न शीर्षकहरुमा खर्च हुने भएकोले सो बजेट निकाशा गर्नको लागि श्री माधवनारायण स्वास्थानी ब्रत तथा शालिनदी सुधार समितिको च.नं. १०२३ मिति २०८२/१०/२१ को पत्रानुसार माग भएको हुँदा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत फोहोरमैला व्यवस्थापन शीर्षकबाट जम्मा रकम रु ४,६३,०००/- (अक्षररुपी रु चार लाख त्रिसठ्ठी हजार मात्र) भुक्तानी हुने गरी उक्त समितिलाई अनुदान दिने निर्णय गरियो। |
| निर्णय नं १६ | मिति २०८२/१२/२२ गते श्री बज्रयोगिनी माई मूल जात्राको अवसरमा अत्यावश्यक सेवा बाहेक यस नगरपालिका अन्तर्गत रहेका कार्यालयहरु तथा शैक्षिक संस्थाहरुमा स्थानीय पर्व विदा दिने निर्णय गरियो। |
| निर्णय नं १७ | यस नगरपालिकाको कार्यालय र श्री **Jalpari Construction and Suppliers Pvt. Ltd.** बीच मिति २०८२/०८/२५ मा यस नगरपालिकाको **Dharapani Gurung Tole Tatha Chaukibhanjyang Nangle Sadak (SMO/82-83/28)** निर्माण कार्यको सम्झौता बमोजिम मिति २०८२/११/३० सम्म उक्त कार्य सम्पन्न गरिसक्नु पर्नेमा उक्त निर्माण स्थलमा जग्गा सिमाङ्कन सम्बन्धी विवाद भई सो |

............................ ............................

प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

निर्माण कार्य गर्ने स्थान पूर्ण रुपमा यकिन गर्न ढिलाई भएको र सङ्घीय प्रतिनिधिसभा सदस्यको निर्वाचनको कारण काम गर्न समस्या भएको हुँदा उक्त सडकमा निर्माण कार्य गर्न समस्या भएको भनी निर्माण व्यवसायीले थप समय आवश्यक भएको भनी मिति २०८३/०१/३० सम्म म्याद थप माग गरेकोले बाँकी निर्माण कार्य सम्पन्न गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम उक्त निर्माण व्यवसायीलाई कार्य सम्पन्न गर्न मिति २०८३/०१/३० सम्म म्याद थप गर्ने निर्णय गरियो।

<u>निर्णय नं १८</u>

यस नगरपालिकाको वडा नं ९ स्थित इन्द्रयाणी मन्दिरको पेटी तत्काल मर्मत गर्न आवश्यक भएको भनी ९ नं वडा कार्यालयको चं.नं १००६ मिति २०८२/०९/३० को पत्रबाट सिफारिस भई आएकोले नगरस्तरीय मर्मत संभार कोषबाट रु २५०,०००/- (अक्षररुपी रु दुई लाख मात्र)खर्च गर्ने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

<u>निर्णय नं १९</u>

यस नगरपालिकाका तपिसिल बमोजिमका नगरस्तरीय योजना कार्यान्वयनको लागि तयार भएको लागत अनुमान बमोजिम नपुग हुने रकम नगर समपुरक कोषबाट खर्च गर्ने गरी स्रोत सुनिश्चितता गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

| क.सं. | यो.क.सं. | ठे.नं. | योजनाको नाम | नगर/संघ/प्रदेशबाट विनियोजित बजेट | नगर समपुरक कोषबाट थप श्रोत सुनिश्चित गर्ने रकम |
|---|---|---|---|---|---|
| १ | नगरस्तरीय | - | देउराली सामुदायिक भवन निर्माण, शंखरापुर-२ | १२,००,०००/- | १,६७,०००/- |

........................................
प्रमुख प्रशासकीय अधिकृत

........................................
नगर प्रमुख

## अनुसूची १

### शंखरापुर नगर कार्यपालिकाको १०९ औं (मिति २०८२/१०/१२) बैठकका निर्णयहरुको समीक्षा

| निर्णय नं | निर्णयको संक्षिप्त बेहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं ४: | शिक्षा विकास निर्देशनालय हेटौंडाको मिति २०८२/०९/२९ गते प्रकाशित सूचना अनुसार अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको स्थानीय तह घोषणा अनुदान कार्यक्रमका लागि शिक्षा विकास निर्देशनालय हेटौंडामा प्रस्ताव पेश गर्ने तथा घोषणाको प्रतिवद्धता सहित सिफारिस गर्ने | सम्पन्न |
| निर्णय नं ५: | भू उपयोग वर्गीकरणको लागि तयार भएको सबै वडाहरुको कित्तागत विवरण भू उपयोग परिषद्मा पेश गर्ने र भू उपयोग परिषद्बाट निर्णय भएअनुसार प्रक्रिया अगाडि बढाउने | सम्पन्न |
| निर्णय नं ६: | मिति २०८२/१०/१८ गते श्री माधवनारायण स्वस्थानी व्रत मेलाको समापनको उपलक्ष्यमा यस नगरपालिका अन्तर्गत रहेका अत्यावश्यक बाहेकका कार्यालयहरु तथा शैक्षिक संस्थाहरुमा स्थानीय विदा दिने | सम्पन्न |
| निर्णय नं ७: | खुल्ला जिमका सामनहरु खरिद तथा जडानको लागि मिति २०८२/११/२९ गते सम्म म्याद थप गर्ने | सम्पन्न |
| निर्णय नं ८: | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराउने | सम्पन्न |
| निर्णय नं ९: | शंखरापुर नगरपालिका वड नं. ८ को च.नं. ९४७ मिति २०८२/१०/११ गतेको सिफारिस बमोजिम वडा नं. ८ निवासी रिकेश पुतुवारलाई रु ५०,०००/- आर्थिक सहयोग गर्ने | सम्पन्न |
| निर्णय नं १०: | यस नगरपालिकाको लागत साझेदारीमा संचलान हुने पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२ पारित गर्ने | सम्पन्न |
| निर्णय नं ११: | ४ नं वडा कार्यालयको भवन मर्मत गर्नका लागि रकम रु दस लाख निर्मित भवनको संरचनात्मक सुधार खर्च शीर्षकबाट विनियोजन गरी रु दश लाखबाट निर्माण कार्य गर्ने | कार्यान्वयनको चरणमा |
| निर्णय नं १२: | आगामी आ.व.२०८३/८४ को लागि सङ्घीय समपुरक र विशेष अनुदानका योजनाहरु माग गर्न तथा समपुरक तर्फको योजनाहरुको लागि आगामी आर्थिक वर्ष २०८३/८४ मा यस नगरपालिकाबाट श्रोत व्यवस्थापन गर्ने गरी उल्लेखित क्रम संख्या बमोजिम नै प्राथमिकताक्रम रहने गरी सङ्घीय सरकार अन्तर्गत राष्ट्रिय योजना आयोगको online portal मा प्रविष्टि गर्ने | सम्पन्न |
| निर्णय नं १३: | आगामी आ.व.२०८३/८४ को लागि बागमती प्रदेशमा समपुरक र विशेष अनुदानका योजनाहरु माग गर्न तथा समपुरक तर्फको योजनाहरुको लागि आगामी आर्थिक वर्ष २०८३/८४ मा यस नगरपालिकाबाट श्रोत व्यवस्थापन गर्ने गरी उल्लेखित क्रम संख्या बमोजिम नै प्राथमिकताक्रम रहने गरी योजनाहरु सिफारिस गर्ने | सम्पन्न |

..........................
प्रमुख प्रशासकीय अधिकृत

..........................
नगर प्रमुख

| | | |
|---|---|---|
| <u>निर्णय नं १४:</u> | यस नगरपालिका वडा नं. १ स्थित "जगते चौकिभन्ज्याङ झुले सडक" शीर्षकमा योजना कार्यान्वयन गर्न कुल लागत अनुमान "भ्याट कन्टेन्जेन्सी पि एस सहित) रु ५९,९९,९००.१०/- तयार भएको हुँदा सडक बोर्डबाट प्राप्त हुने रु ३०,००,०००/- र यस नगरपालिकाको समपुरक कोषबाट बाँकी रकम २९,९९,९००.१०/- स्रोत सुनिश्चितता सहित वार्षिक कार्यक्रम स्वीकृत गरी सडक बोर्ड नेपाललाई प्रक्रिया अगाडि बढाउन पत्राचार गर्ने | सम्पन्न |

..................................
प्रमुख प्रशासकीय अधिकृत

..................................
नगर प्रमुख

# अनुसूची २

## शंखरापुर नगरपालिका
## साँखु, काठमाण्डौं
## योजना अनुगमन तथा सुपरिबेक्षण समिति
## आ.ब. २०८२।८३ माघ महिनाको प्रतिवेदन

१. पृष्ठभूमी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख,(५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी यो प्रतिबेदन तयार गरिएको छ ।

२. उद्देश्य

यस प्रतिबेदनको उद्देश्य नगरपालिकाबाट आर्थिक वर्ष २०८२।८३ को माघ महिनामा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामा पेश गर्ने रहेको छ ।

३. अनुगमनमा सहभागी

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय बमोजिमको सहभागिता रहेको थियो ।

क. नगर प्रमुख
ख. उप प्रमुख
ग. प्रमुख प्रशासकीय अधिकृत
घ. सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव
ङ. योजना अधिकृत
च. लेखा अधिकृत
छ. सम्बन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु
ज. सम्बन्धित शाखा प्रमुख/कर्मचारीहरु

४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु

क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु

- योजना कार्यान्वयन कार्यतालिका अनुसार ठेक्का तथा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सुचना प्रकाशन तथा सम्झौता गर्ने क्रम शुरु भएको छ ।
- उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

ख. योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु

- **Quality** र **Quantity** दुबै कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको ।
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको ।

.................................
प्रमुख प्रशासकीय अधिकृत

.................................
नगर प्रमुख

- ठेक्का मार्फत काम हुने योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्ने गरी प्रकृया अगाडि बढाउन स्पष्ट निर्देशन दिईएको ।

ग. अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु

- चालु आर्थिक वर्ष २०८२।८३ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि नगर कार्यपालिका बैठकबाट स्वीकृत कार्यतालिकाको पूर्ण कार्यान्वयन गरी उपभोक्ता समितिबाट सन्चालन हुने योजनाहरु २०८२ पुष महिनाभित्र सम्झौता गरिएका योजनाहरु २०८३ बैशाख मसान्त भित्र सम्पन्न हुने गरी काम हुनु पर्ने । यसले गर्दा वर्षाद् हुनु अघिनै काम सम्पन्न गर्न सकिने र योजनाको दिगोपना कायम गर्न सहज हुने ।
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सन्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा योजना सम्झौताको समयमानै उपभोक्ता समितिलाई प्रतिबद्दता गराउने, साथै सामुदायिक भवन निर्माण गर्ने जग्गा प्राप्तीको प्रकृया पुरा गरेर मात्र सम्झौता गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति सकृय हुनु पर्ने ।
- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी बजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।
- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम बनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अमृसो लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।
- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयहरुले सकृयता देखाउनु पर्ने ।

अनुगमन गरिएका र भुक्तानी अनुमोदन गर्नु पर्ने योजनाहरुको विवरण

| क्र.सं. | वडा नं. | योजनाको नाम | रकम (रु हजारमा |
|---|---|---|---|
| १ | ७ | साल्खा सानो ननी भगवानचोक उग्र पुस्तकालयबाट साहीटोल र वाफबाट साहीटोल ढुंगा छापेको | १६०० |
| २ | ८ | छोर्तेन वरीपरी पर्खाल निर्माण र ट्रस | २५० |
| ३ | ८ | गुम्बा काफ्लेडाँडा सडक | २००० |
| ४ | ८ | गुम्बा काफ्लेडाँडा जात्रानाघी सडक | ३५६५ |
| ५ | ३ | अधिकारीटोल जाने बाटो | २५० |
| ६ | २ | थिन आहाल भोटेचौर राजदल सडक | ५१९९ |
| ७ | १ | तिनघरे बाटो स्तरोन्नती | ५०० |
| ८ | १ | सुकपानी स्याले सिंचाई कुलो | १५० |
| ९ | १ | छाप ढकालटोल बस्ती सडक | ३४४६ |
| १० | २ | ठुलोघरेटोल ठुलो पाटा पिपलबोट मूल गोरेटो बाटो | ५०० |

.................................. ..................................
प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ११ | २ | क्यामलेटोल घुमाउने पाटा माङसमटोल आहालडाँडा सिंढी निर्माण | ५०० |
| १२ | २ | माङसमटोल स्कूलडाँडा जर्केखोला निमारे खानेपानी | ५०० |
| १३ | २ | ठूलोघरेटोल मन्दिर | ३०० |
| १४ | २ | ठूलोघरेटोल कालिदेवी मन्दिर | ५०० |
| १५ | २ | पटाप स्वास्थ्य चौकी लाँकुरीबोट स्वर्णिमपुर सडक | ५२०० |
| १६ | ४ | साँखु बज्रयोगिनी घुमारचोक डाडाकटेरी चौकी भन्ज्याङ सडक | १८०८ |
| १७ | ५ | त्रिसुलबस्ती सडक | ५०० |
| १८ | ५ | नारायणखोला नदि नियन्त्रण | २५० |
| १९ | ५ | दोलखा भिमसेन पूर्वाधार निर्माण | २५० |
| २० | ३ | बि क टोल खानेपानी तथा पदमार्ग | १५० |
| २१ | ९ | पन्चकन्या मन्दिर पार्क | २५० |
| २२ | १,९ | सडक बत्ती जडान | ३६२ |
| २३ | ७ | देउला चिहानपाटी पुतुवार चिहान ढुंगा सोलिङ साँखु चिहान | १००० |
| २४ | ७ | मणिचुड आ.बि. बिद्यालय व्यवस्थापन | ३०० |
| २५ | ३ | जंगल शेर्पाटोल सडक | ३५०० |
| २६ | ३ | राक्सी पहरा ढोक्सान साँगाचोक काफलचौर सोझे सडक | १०८८८ |
| २७ | ५ | बिशंभरा सिंचाई | ३५० |
| | | जम्मा | ४४०६८ |

| | |
|---|---|
| प्रतिबेदन तयार कर्ता | प्रतिबेदन पेश कर्ता |
| नामः चुरामणि पन्थी | नामः समिता श्रेष्ठ |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८२।१०।२९ | मितिः २०८२।१०।२९ |

..............................
प्रमुख प्रशासकीय अधिकृत

..............................
नगर प्रमुख

बैठक संख्याः ११० औं

मिति २०८२/११/२९ गते नेपाल संवत् ११४६ चिल्लागा १० शुक्रबार दिउँसो १२:१५ बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री दिपक गौतम | सदस्य/का.बा.वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८६३९२३१७९ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री सहदेव श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८५१०७४७५० | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री चुरामणि पन्थी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |